**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ जून २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. केंद्रीय शिक्षा मंत्रालयले राष्ट्रीय परीक्षा एजेंसी-एन टी ए को परीक्षाहरुको पारदर्शीए सुचारू अनि निष्पक्ष संचालन सुनिश्चित गर्नका लागि इसरोका पूर्व अध्यक्ष डॉ. के. राधाकृष्णनको अध्यक्षतामा एक उच्च स्तरीय विशेषज्ञ समितिको गठन गरेको छ।

२. तृणमूल कांग्रेसका दुई जना नवनिर्वाचित विधायकहरुको शपथ ग्रहण समारोहलाई असमंजसको स्थिति बनीरहेको छ।

३. प्रवर्तन निदेशालय (ईडी) ले आफ्नो एक लिखित रिपोर्टमा पश्चिम बंगालको राशन वितरण भ्रष्टाचारको मामला लगभग १० हजार करोड़ रुपएको रहेको दावी गरेको छ।

४. गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आज संस्थापक अध्यक्ष सुवास घिसिङको 89औं जन्मजयन्ती पालन गर्यो।

५. महानगर कोलकाता लगायत राज्यका अन्य विभिन्न भागहरूमा बितेका दुई दिनदेखि भइरहेको अविरल वर्षापछि मौसम रमाइलो भएको छ।

**एनटीए-समिति**

केंद्रीय शिक्षा मंत्रालयले राष्ट्रीय परीक्षा एजेंसी-एन टी ए को परीक्षाहरुको पारदर्शीए सुचारू और निष्पक्ष संचालन सुनिश्चित गर्नका लागि एक उच्च स्तरीय विशेषज्ञ समितिको गठन गरेको छ। इसरोका पूर्व अध्यक्ष डॉ. के. राधाकृष्णनको अध्यक्षतामा सात सदस्यीय समितिलाई एनटीएको परीक्षा प्रक्रियामा सुधारबारे सिफारिश गर्ने कार्य सुम्पिएको छ। समितिलेए परीक्षा प्रक्रियाको दक्षता बढ़ाउने अनि अनियमितताहरुलाई रोकनेए डेटा सुरक्षा प्रोटोकॉलमा सुधार अनि एजेंसीको संरचना तथा कार्यप्रणाली बारे समीक्षा गर्नेछ। समितिले बर्तमानमा रहेको प्रक्रियाको मूल्यांकन गर्नेछ अनि सुधार सम्बन्धि सुझाव दिनेछए साथै एनटीए भित्र स्पष्ट भूमिकाहरु साथै जिम्मेवारीहरुलाई परिभाषित गर्नेछ। समितिले वर्तमानमा रहेको शिकायत निवारण तंत्र को पनि आकलन गर्नेछ अनि आवश्यक सुधारहरुको प्रस्ताव गर्नेछ। समितिलाई दुई महीना भित्रा रिपोर्ट दिन भनिएको छ। समितिका सदस्यहरुमा अखिल भारतीय आयुर्विज्ञान संस्थान दिल्लीका पूर्व निदेशक डॉ. रणदीप गुलेरियाए हैदराबाद केंद्रीय विश्वविद्यालयका कुलपति प्रोफेसर बी.जे. रावए आईआईटी मद्रासका पूर्व प्रोफेसर राममूर्ति के. अनि आईआईटी दिल्लीका डीन प्रोफेसर आदित्य सामेल छन्।केंद्रीय शिक्षा मंत्रालयले राष्ट्रीय परीक्षा एजेंसी-एन टी ए को परीक्षाहरुको पारदर्शीए सुचारू अनि निष्पक्ष संचालन सुनिश्चित गर्नका लागि इसरोका पूर्व अध्यक्ष डॉ. के. राधाकृष्णनको अध्यक्षतामा एक उच्च स्तरीय विशेषज्ञ समितिको गठन गरेको छ।

****** ० ******

**विधायक- शपथ ग्रहण**

तृणमूल कांग्रेसका दुई जना नवनिर्वाचित विधायकहरुको शपथ ग्रहण समारोहलाई असमंजसको स्थिति बनीरहेको छ। यस्तोमा पश्चिम बंगाल विधानसभाका सचिवको कार्यालयले राजभवनलाई शपथ ग्रहण समारोहको लागि शीघ्र स्वीकृति दिने अनुरोध गर्दै एउटा नया पत्र पठाएको छ।
विधानसभा सचिवको कार्यालयबाट राज्यपाल सी.वी. आनंद बोसको कार्यालयलाई पठाईएको यो दोस्रो पत्र हो। पहिलो पत्र १५ जूनमा जारी गरिएको थियो।
उल्लेखनीय छ तृणमूल कांग्रेसका रेयात हुसैन सरकार सायंतिका बनर्जी भगवानगोला अनि बारानगर विधानसभा सिटहरुको

उपचुनावमा निर्वाचित भएको १८ दिन बितिसकेको छए तर उहाँहरुको शपथ ग्रहण समारोह राज्य सचिवालय नवान्न अनि राजभवन बीच द्वन्दको कारण फसिरहेको छ।
राजभवनको अन्तरिक सुत्रहरु अनुसार राज्यपाल कार्यालयलाई प्राप्त दुईवटा लगातार विज्ञप्तिहरुमा प्रक्रियागत त्रुटि रहेको छ,जसको कारण प्रोटोकॉल अनुसार नवनिर्वाचित विधायकहरुको शपथ ग्रहण समारोह बारे यस्ता विज्ञप्तिहरु संसदीय कार्य विभागका राज्य मंत्रीको कार्यालयबाट आउनु पर्ने थियोए विधानसभा सचिवको कार्यालयबाट होइन। राजभवनको अन्तरिक सुत्रले अझ भनेको छ कि पहिलो विज्ञप्ति प्राप्त भए पछि राज्यपाल कार्यालयले विधानसभालाई एउटा विज्ञप्ति पठाएको थियोए जसमा सदनको वर्तमान प्रकृति बारे केहि प्रश्नहरुको उत्तर मागिएको थियो जस्तै वरिष्ठतम विधायकहरुको संख्याए अनुसूचित जाति वा अनुसूचित जनजाति समुदायहरु बाट आउने विधायकहरुको संख्या। येद्धपिए ति प्रश्नहरुको कोई उत्तर पठाउनुको सत्तामाए विधानसभा सचिवको कार्यालयले शपथ समारोहका लागि शीघ्र स्वीकृतिको अनुरोध गर्दै एउटा नयाँ पत्र पठाएको छ।

****** ० ******

## Wb- राशन भ्रष्टाचार

पश्चिम बंगालको राशन वितरण भ्रष्टाचारको मामला लगभग १० हजार करोड़ रुपएको बताईएको छ। प्रवर्तन निदेशालय (ईडी) ले आफ्नो एक लिखित रिपोर्टमा यस्तो दावी गरेको छ।ईडीको सूत्र अनुसार केंद्रीय एजेंसीका अधिकारिले जुन १० हजार करोड़ रुपियाँबारे पत्तो लगाएको छ ती मध्ये एक हजार करोड़ रुपियाँ मामलामा पक्राउ परेका व्यवसायी बकीबुर रहमानको स्वामित्वमा रहेको कॉर्पोरेट संस्थाहरु अनि चामल मिलहरुको माध्यमद्वारा पठाईएको थियो।राशन वितरण मामिलामा गत बर्ष- ईडीका अधिकारीहरु द्वारा गिरफ्तार गरेका पहिलो व्यक्ति रहमान पश्चिम बंगालका पूर्व मंत्री ज्योतिप्रिय मलिकका विश्वासपात्र थिए। रहल नौ हजार करोड़ रुपियाँ बारे ईडी ले भनेको छ कि अधिकारीहरु अहिले अन्य कॉर्पोरेट संस्थाहरु वा चैनलहरु बारे "कड़िहरुलाई जोड़ने" प्रक्रियामा छन्ए जसको माध्यमद्वारा रुपियाँ पठाईएको थियो।उल्लेखनीय छ गत बिहिबार पूर्व मंत्री मलिकले जमानत याचिका सितै कलकत्ता उच्च न्यायालयको ढोका ढक-धकाएका थिए।
हात्तीको हमला जंगली हात्तीको हमलामा एक वनकर्मीको मृतु भएको खबर छ।यो घटना नक्सलबाड़ी अन्तर्गत कोलाबाड़ी बनक्षेत्रको हो। मृतकको नाम राजेंद्र राय हो। उनि वन विभागमा अरण्यसाथीको पदमा कार्यरत थिए। वन विभागका सुत्रहरु अनुसारए वनकर्मी नक्सलबाड़ीको आशापुर चाय बागान संलग्न छेत्रमा हिज अबेर राती हात्तीहरुको झुण्डलाई जंगल तर्फ पठाउने प्रयास गरिरहेका थिए। त्यसै समय जंगली हात्तीले वनकर्मिहरु माथि आक्रमण गरे। फलस्वरूप वनकर्मी राजेंद्र राय गंभीर रूपले घाइते भए। त्येसपछि वनकर्मिहरुले उनलाई उत्तर बंगाल मेडिकल कॉलेज अनि अस्पताल पुर्याए जहाँ उनको मृतु भयो। वन विभाग अनि पुलिस घटनाको जांचमा जुटेका छन्।

****** ० ******

## WB-ममता

पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जी ले अब राज्य का प्रशासनिक अधिकारिहरुको कार्यहरुको समीक्षा गर्ने निर्णय लिएको छ। अब कर्मचारी हरुका कामकाज को वार्षिक मूल्यांकन माथि पनि मुख्य मन्त्रीको सीधा दृश्य रहने छ। राज्य सचिवालयको सूत्र अनुसार मुख्यमंत्रीले मुख्य सचिव भगवती प्रसाद गोपालिका सित बात गरेर कर्मचारीहरुको मूल्यांकनमा अंक दिने निर्देश दिनु भएको छ।प्रशासनिक पर्यवेक्षकहरु अनुसार मुख्यमंत्री को यस प्रकारको निर्देश काफी महत्वपूर्ण रहेको छ द्य सूत्र अनुसार अधिकारिहरुको श्वार्षिक गोपनीय रिपोर्टश्श ;एसीआर या वार्षिक मूल्यांकन रिपोर्ट) मा यो लेख्नु पर्नेछ कि कर्मचारी ले साल भरि के गरे द्य रिपोर्ट मा नया विचारए काम मा नवीनताए समयमा काम पूरा गरिएको ए काम को गुणवत्ता आदि कुराहरु समावेश गरिनु पर्नेछ। यो रिपोर्ट मुख्य सचिव सम्म पुग्नेछ द्य मुख्य सचिब ले पनि यसको जांच गर्नेछ अनि यस रिपोर्ट माथि अंक दिइने छ। यस पछि रिपोर्ट विभाग का मंत्री वा मुख्यमंत्री सम्म पुग्नेछ द्य

****** ० ******

## सुवास घिसिङ- जन्मजयन्ती

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आज संस्थापक अध्यक्ष सुवास घिसिङको 89औं जन्मजयन्ती पालन गर्यो ।दार्जिलिङ लगाएत खर्साङ, कालेबुङ अनि मिरिकमा पनि जन्मजयन्ती पालन गरिएको रिपोर्ट प्राप्त भएको छ । आज केन्द्रीय कार्यलय दार्जीलिङमा गोरामुमो अध्यक्ष मन घिसिङए बिधायक एवं गोरामुमो केन्द्रीय समिति सेक्रेटरी जनरल बिधायक निरज जिम्बा ए केन्द्रीय समिति सदस्यगण ए सम्पुर्ण भ्रातृ संगठन लगायत गोरामुमो कार्यकर्ता द्वावा सुवास घिसिङको तस्वीरमा दीप प्रज्जवलन गरि एक सय आठ बत्ती बाली खदा माला लगाएर जन्मजयन्ती पालन गरियो । केन्द्रीय समिति प्रवक्ता वाई लामाले आफ्नो बिज्ञप्ति जारी गर्दैए गोर्खाहरुलाई राजनीतिको परिभाषा सिकाउने र १९८६ सालको आन्दोलन मार्फत दार्जीलिङ गोर्खा पार्वतीय परिषद गठन भए पछि दार्जीलिङको भुभाग गोर्खाहरुको किपट हो भनी भारत बर्ष भरी परिचय गराउन सुवास घिसिङको महत्त्वपूर्ण भुमिका रहेको बताउनु भएको छ। घिसिङको दार्शनिक राजनैतिकको कारण आज विश्वले उहालाई चिनेको छ र यसैकारण सुबास घिसिङलाई गोर्खा पिता भनेर उपाधी पनि दिएको उहाले बताउनु भयो । यसरीनै गोरामुमो मिरिक समष्टिको आयोजनामा ब्रान्च कमिटी कार्यालय लगायत खार्साङ ए कालेबुङ ए पानीघट्टा क्षेत्रमा पनि स्व. सुबास घिसिङको जन्मजयन्ती पालन गरिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

## मिरिक नगरपालिका

जमिनको कागजपत्र हातमा आइसकेको छए अब यसको आधारमा अतिक्रमण भएको जमिनबाट घर बिल्डिङ हटाइने छ। यस्तो मन्तब्य मिरिक नगरपालिका अध्यक्ष एल बी राइले आज पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा राखेका हुन्। विशेष गरी नगरपालिलाले साना-साना पसल अनि ग्यारिजहरूमा मात्र बुल्डोजर चलायो भन्ने विषयमा बोल्दै उनले आज मात्र सरकारी जमिन र निजी जमिनको कागज पत्र हात परेको र यसलाई लिएर नगरपालिकाका कर्मचारीहरूले कार्य गरिरहेको बताए । कागज पत्र अनुसार कुन कुन सरकारी जमिन हो र कुन निजी जमिन हो त्यो छुट्याइने छ। यदि सरकारी जमिनमा सानो घरदेखि ठूल्ठूला भवनहरू निर्माण गरिएको भेटाइए सबैमाथि कार्वाही गरिने उहाले बताउनुभयो। यदि कसैले पनि सरकारी जमिन मिचेका छन् भने तत्कालै खाली गरिदिने राईले आह्वान गरेका छन्। सरकारी जमिनमा भएको अतिक्रमणलाई हटाइने मुख्यमन्त्री ममता ब्यानर्जीको बयानलाई स्वागत योग्य रहेको राईले बताएका छन्।

## मौसम

महानगर कोलकाता लगायत राज्यका अन्य विभिन्न भागहरूमा बितेका दुई दिनदेखि भइरहेको अविरल वर्षापछि मौसम रमाइलो भएको छ।आज अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा जारी बयान अनुसार कोलकातामा न्यूनतम तापमान सामान्यभन्दा एक डिग्री अधिक २७०८ डिग्री सेल्सियस रेकर्ड गरिएको छ भने अधिकतम तापमान सामान्यभन्दा दुई डिग्री कम मात्र ३१०५ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। बितेको २४ घण्टाको अवधिमा १०७ मिलीमीटर वर्षा रेकर्ड गरिएको छ।कोलकाता बाहेक राज्यका अन्य भागहरू क्रमैले हावड़ाए हुगलीए उत्तर अनि दक्षिण २४ परगनाए पूर्व अनि पश्चिम मेदिनीपुरए पुरूलियाए बाँकुड़ा लगाएत राज्यका अन्य भागहरूमा तापमान २७.देखि ३३ डिग्री सेल्सियसबीच यथावत रहेको छ। दिनभरि रोकिँदै पानी पर्नसक्छ जसकारण गर्मीबाट अझ राहत पाइनेछ। उत्तर बंगालका अलिपुरद्वारए कुचबिहारए जलपाईगुड़ीए दार्जीलिङ अनि कालेबुङमा पनि सामानय वर्षा हुने सम्भावना छ।केएफसी-सिलगडी.उत्तर बंगालको पहिलो व्यावसायिक फुटबल क्लब केएफसी सिलगडीले आजको बैठकमा नयाँ समिति गठन गरिएको छ । क्लबको बार्षिक साधारण सभा आज सुकुना खेलकुद संघ भवनमा संस्थाका कार्यकारी अध्यक्ष सुरेन प्रधानको अध्यक्षतामा सम्पन्न भयो । सभामा पुरानो समिति विघटन गरी नयाँ समिति गठन गरियो जसमा प्रमुख प्राविधिक निर्देशक श्याम थापाए लगाएत कार्यकारिणी समितिमा २६ जनाए संरक्षकमा १६ जना अनि प्राविधिक टोलीमा ५ जनालाई चयन गरिएको छ ।

****** ० ******

## केएफसी-सिलगडी

उत्तर बंगालको पहिलो व्यावसायिक फुटबल क्लब केएफसी सिलगडीले आजको बैठकमा नयाँ समिति गठन गरिएको छ । क्लबको बार्षिक साधारण सभा आज सुकुना खेलकुद संघ भवनमा संस्थाका कार्यकारी अध्यक्ष सुरेन प्रधानको अध्यक्षतामा सम्पन्न भयो। सभामा पुरानो समिति विघटन गरी नयाँ समिति गठन गरियो जसमा प्रमुख प्राविधिक निर्देशक श्याम थापा, लगाएत कार्यकारिणी समितिमा २६ जना, संरक्षकमा १६ जना अनि प्राविधिक टोलीमा ५ जनालाई चयन गरिएको छ।

****** ० ******

**जागरुकता कार्यक्रम**

खर्साङ खण्ड अन्तर्गत तराईको दुधे सेन्ट मेरी ग्राम पञ्चायतको आयोजनामा आज एक जागरुकता कार्यक्रम आयोजना गरियो। पंखाबारी उच्चत्तर माध्यमिक बिद्यालयका विद्यार्थीहरुको बिशेष सहभागीतामा सम्पन्न कार्यक्रममा स्वच्छता बारे जानकारी प्रदान गरियो। यस सम्बन्धमा दुधे बजारमा जागरुकता ऱ्याली पनि निकालियो।कार्यक्रममा ग्राम पञ्चायत प्रधान मणिराज दुम्जनले शहर र गाउँलाई प्लाष्टिकए पोलिथिन अनि फोहोरमुक्त बनाउन सरकारको यो अभियानलाई प्रत्येक गाउँ पञ्चायत क्षेत्रमा लागू गर्न आवश्यक रहेको बताउँदै यस महत्वपूर्ण कार्यलाई सफल बनाउन प्रत्येक गाउँ समाज सचेत हुनुपर्ने बिषयमाथि जोड दिनु भयो।

****** ० ******